प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्

# परीक्षा नियन्त्रण कार्यालय

सानोठिमी, भक्तपुरको

**शैक्षिक शत्र २०७९/०८० मा प्रि-डिप्लोमा तहको वर्गीकृत (नि:शुल्क) छात्रवृत्ति कोटामा प्रवेश परीक्षाका लागि Online आवेदन फाराम भर्ने सम्बन्धी अत्यन्त जरुरी सूचना !**

(सूचना प्रकाशित मिति २०७९।०४।१२ गते)

प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद् प.नि.का.बाट संचालन गरिने प्रि-डिप्लोमा तहका तपसिल बमोजिमका शैक्षिक कार्यक्रमहरुमा शैक्षिक सत्र २०७९/०८० मा "प्रि-डिप्लोमा तहको प्रवेश परीक्षा संचालन, छात्रवृत्ति वितरण एवं भर्ना सम्बन्धी निर्देशिका २०७९" बमोजिम परिषद्बाट संचालन सम्बन्धन/स्वीकृती प्राप्त आगिंक, साझेदारी, टेक्स तथा निजी शिक्षालयहरुमा निर्धारण गरिएका वर्गीकृत (नि:शुल्क) छात्रवृत्ती कोटामा भर्नाका लागि तपसिल बमोजिम योग्यता पुगेका नेपाली नागरिकहरुबाट २०७९ श्रावण २९ गते भित्र रितपूर्वक आवेदन फाराम माग गरिएको हुंदा सम्बन्धित सवैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ । न्यूनतम योग्यता पुगेका आवेदकहरुले Online बाट प्रवेश परीक्षा शुल्क तिरी अध्ययन गर्ने शिक्षालयहरु प्राथमिकिकरण र परीक्षा केन्द्रको जिल्ला छनौट गरी Online Application Form भर्नु पर्नेछ ।

**तपसिल**

**१. वर्गीकृत (नि:शुल्क) छात्रवृत्ति सम्बन्धी जानकारी:**

परिषद्का आंगिक, साझेदार, सामुदायिक तथा निजी स्तरमा संचालित शिक्षण संस्थाहरुमा प्रि-डिप्लोमा तहमा भर्ना हुने विद्यार्थीहरुको संख्या जतिसुकै भएतापनि प्रत्येक शैक्षिक कार्यक्रममा नेपाली नागरिकलाई देहाय बमोजिम कोटा संख्यामा छात्रवृत्ति प्रदान गरिनेछ ।

**तपसिल**

| छात्रवृत्तिको विवरण | २० स्वीकृत कोटाको प्रत्येक शैक्षिक कार्यक्रममा | ३० स्वीकृत कोटाको प्रत्येक शैक्षिक कार्यक्रममा | ४० स्वीकृत कोटाको प्रत्येक शैक्षिक कार्यक्रममा |
|---|---|---|---|
| वर्गीकृत (नि:शुल्क) | १ | २ | ३ |

परिषद् स्तर निर्धारण महाशाखा, पोलिटेक्निक महाशाखा र सामुदायिक विद्यालयमा प्राविधिक शिक्षा कार्यक्रम महाशाखाबाट प्राप्त शिक्षालयहरुको विवरण परिषद् कार्यालयको निर्णयानुसार कायम हुन आउने वर्गीकृत (नि:शुल्क) छात्रवृत्ति कोटाहरु निम्न बमोजिम रहेको छ ।

| कार्यक्रम | प्रदेश | | | | | | | जम्मा संख्या |
|---|---|---|---|---|---|---|---|---|
| | १ | मधेश | बागमती | गण्डकी | लुम्बिनी | कर्णाली | सु.प | |
| प्रि-डिप्लोमा ईन एग्रिकल्चर (प्लान्ट साइन्स) | ३९ | ३० | ९९ | ८७ | ८१ | १३२ | १९२ | ६६० |
| प्रि-डिप्लोमा ईन लाइभस्टक प्रडक्सन/एनिमल हेल्थ | ३० | २४ | ७८ | ३३ | २४ | ३० | ३० | २४९ |
| प्रि-डिप्लोमा ईन भेटेरिनरी साइन्स | ३ | ० | ० | ३ | २४ | २४ | ४५ | ९९ |
| प्रि-डिप्लोमा ईन सिभिल इन्जिनियरिङ्ग | ५१ | ५१ | ८४ | २७ | ५७ | ६३ | ६६ | ३९९ |
| प्रि-डिप्लोमा ईन इलेक्ट्रिकल इन्जिनियरिङ्ग | १५ | ६ | ३० | १२ | ३३ | ९ | १८ | १२३ |
| प्रि-डिप्लोमा ईन इलेक्ट्रोनिक्स इन्जिनियरिङ्ग | ० | ० | ० | ० | ३ | ० | ० | ३ |
| प्रि-डिप्लोमा ईन वाटर सप्लाई एण्ड सेनिटरी इन्जिनियरिङ्ग | ० | ० | ३ | ० | ३ | ० | ० | ६ |
| प्रि-डिप्लोमा ईन सर्भे इञ्जिनियरिङ्ग | १२ | ३ | १५ | ३ | २४ | ९ | ६ | ७२ |
| प्रि-डिप्लोमा ईन कम्प्युटर इन्जिनियरिङ्ग | २४ | ३० | २७ | ६ | २७ | ९ | ९ | १३२ |
| प्रि-डिप्लोमा ईन मेकानिकल इन्जिनियरिङ्ग | ० | २ | ६ | ० | ९ | ० | ० | १७ |
| प्रि-डिप्लोमा ईन अटोमोवाइल इन्जिनियरिङ्ग | ० | ० | ४ | ३ | १२ | ० | ० | १९ |
| प्रि-डिप्लोमा ईन रेफ्रिजिरेशन एण्ड एयरकण्डिसनिङ्ग इन्जिनियरिङ्ग | ० | ० | ० | ० | ३ | ० | ० | ३ |
| प्रि-डिप्लोमा ईन होटल मेनेजमेण्ट | ० | ० | ० | ५ | ० | ० | ० | ५ |
| प्रि-डिप्लोमा ईन कुलिनरी आर्ट | ० | ० | ६ | ३ | ० | ० | ० | ९ |
| प्रि-डिप्लोमा ईन इन्टरपेनरसीप डेभलपमेण्ट | ० | ० | ३ | ० | ० | ० | ३ | ६ |
| प्रि-डिप्लोमा ईन सोसल मोबिलाइजेसन | ० | ० | ६ | ० | ३ | ० | ० | ९ |
| प्रि-डिप्लोमा ईन कम्प्युटर एप्लिकेशन एण्ड सेक्रेटरियल मेनेजमेण्ट | ० | ० | ० | ० | ३ | ० | ० | ३ |
| **जम्मा** | **१७४** | **१४६** | **३६१** | **१८२** | **३०६** | **२७६** | **३६९** | **१८१४** |

**परिषद्का प्रत्येक आंगिक, साझेदारी, टेक्स र निजी स्तरमा संचालित शिक्षालयहरुमा शैक्षिक शत्र २०७९/०८० का लागि कार्यक्रम संचालन गर्न सम्वन्धन/स्वीकृती पाएका प्रत्येक शैक्षिक कार्यक्रममा** न्यूनतम योग्यता पुगेका नेपाली नागरिकलाई भर्ना सम्वन्धी निर्देशिकाको दफा १५ (क) अनुसार निर्धारित कुल संख्यालाई १०० प्रतिशत कायम गरि उक्त संख्यालाई ५०-५० प्रतिशतमा साधारण र लक्षित वर्ग गरी दुई समूहमा विभाजन गरी दफा १५को (ख) र (ग) मा उल्लेख भए बमोजिमको संख्यामा नि:शुल्क छात्रवृत्ति प्रदान गरिनेछ ।

**(ख) साधारण समूह :** साधारण समूहको लागि कायम गरिएको सिट संख्यालाई सत प्रतिशत कायम गरी योग्यता पुगेका नेपाली नागरिकहरुलाई नि:शुल्क (वर्गीकृत) छात्रवृत्ति प्रदान गरीनेछ ।

**(ग) लक्षित वर्ग समूह :** तोकिए बमोजिमको योग्यता पुगेका तपसिलका लक्षित वर्गका नेपाली नागरिकहरुलाई उल्लेख भए बमोजिमको प्रतिशतलाई सत प्रतिशत कायम गरी निम्न बमोजिमको आरक्षित गरिएको प्रतिशतमा कार्यक्रम अनुसारको सिट संख्यामा नि:शुल्क (वर्गीकृत) छात्रवृत्ति प्रदान गरिनेछ ।

**आरक्षित गरिएको लक्षित बर्ग र आरक्षित प्रतिशत**

| क्र.सं. | लक्षित वर्ग | | आरक्षित प्रतिशत |
|---|---|---|---|
| १. | **महिला** | २८ | |
| | क. दलित समुदायका महिला | ३ | ३३ |
| | ख. मुस्लिम समुदायका महिला | २ | |
| २. | दलित | | ९ |
| ३. | आदिवासी जनजाति | | १५ |
| ४. | खस आर्य | | १७ |
| ५. | **मधेशी** | ९ | |
| | क. मधेशी दलित | ३ | १२ |
| ६. | थारु | | ४ |
| ७. | मुस्लिम | | २ |
| ८. | पिछडिएको क्षेत्रका व्यक्ति | | ४ |
| ९. | अपाङ्गता भएको व्यक्ति | | २ |
| १०. | सहिदका परिवार, बेपत्ता पारिएका व्यक्तिका परिवार, घाइते योद्धाहरुको परिवार र द्वन्द्व पीडित | | २ |

(क) यदि कुनै तोकिएको कार्यक्रमको अध्यापन कार्य संचालन नहुने अवस्था आइपरेमा यस बमोजिमको छात्रवृत्ति प्रदान गरिने छैन ।

(ख) परिषद्बाट छात्रवृत्ति प्राप्त गरी अध्ययन गर्ने विद्यार्थीले अध्ययन पश्चात नेपाल सरकारले चाहेमा तोकिएको समय सम्म खटाएको स्थानमा गई सेवा गर्नु पर्नेछ । सो का लागि आवेदन फाराममा उल्लेखित कबुलियतनामा गर्नु पर्नेछ ।

(ग) कुनै पनि परीक्षार्थीले यस निर्देशिका बमोजिमको शैक्षिक कार्यक्रम अध्ययनका लागि परिषद् वा अन्य सरकारी निकायबाट उपलब्ध गराइने छात्रवृत्तिहरु मध्ये निजले रोजेको एउटा मात्र छात्रवृत्ति प्राप्त गर्नेछ ।

(घ) छात्रवृत्ति पाउने मनसायले नक्कली कागजपत्रहरु पेश गरी छात्रवृत्ति पाएको ठहर भएमा जुनसुकै अवस्थामा परिषद्, प.नि.का. ले रजिष्ट्रेशन खारेज गरी निज उपर प्रचलित कानून बमोजिम कार्वाहीका लागि सिफारीस गर्नेछ । त्यस्ता परीक्षार्थीलाई परिषद्बाट संचालन हुने कुनै पनि किसिमको परीक्षामा ५ वर्षसम्म समावेश गराइने छैन । छात्रवृत्तिमा सिफारिश भई भर्ना भएका परीक्षार्थीहरुले आफू अध्ययनरत शिक्षण संस्थामा लाग्ने कुनै पनि किसिमको शुल्क तिर्नु पर्ने छैन । अध्ययन अवधिभर खाने र बस्ने व्यवस्था भने परीक्षार्थी आफैले गर्नुपर्ने छ ।

## २. प्रशिक्षण गराइने शैक्षिक कार्यक्रम तथा आवश्यक न्यूनतम शैक्षिक योग्यता

| क्र.सं | प्रशिक्षण गराइने शैक्षिक कार्यक्रम |
|---|---|
| १. | प्रि-डिप्लोमा ईन एग्रिकल्चर (प्लान्ट साइन्स) |
| २. | प्रि-डिप्लोमा ईन लाइभस्टक प्रडक्सन/एनिमल हेल्थ प्रि-डिप्लोमा |
| ३. | प्रि-डिप्लोमा ईन भेटेरिनरी साइन्स |
| ४. | प्रि-डिप्लोमा ईन फरेष्ट्री |
| ५. | प्रि-डिप्लोमा ईन सिभिल इन्जिनियरिङ्ग |
| ६. | प्रि-डिप्लोमा ईन इलेक्ट्रिकल इन्जिनियरिङ्ग |
| ७. | प्रि-डिप्लोमा ईन इलेक्ट्रोनिक्स इन्जिनियरिङ्ग |
| ८. | प्रि-डिप्लोमा ईन वाटर सप्लाई एण्ड सेनिटरी इन्जिनियरिङ्ग |
| ९. | प्रि-डिप्लोमा ईन सर्भे ईञ्जिनियरिङ्ग |
| १०. | प्रि-डिप्लोमा ईन कम्प्युटर ईञ्जिनियरिङ्ग |
| ११. | प्रि-डिप्लोमा ईन मेकानिकल इन्जिनियरिङ्ग |
| १२. | प्रि-डिप्लोमा ईन अटोमोवाइल इन्जिनियरिङ्ग |
| १३. | प्रि-डिप्लोमा ईन रेफ्रिजिरेशन एण्ड एयरकण्डिसनिङ्ग इन्जिनियरिङ्ग |
| १४. | प्रि-डिप्लोमा ईन होटल मेनेजमेण्ट |
| १५. | प्रि-डिप्लोमा ईन कुलिनरी आर्ट |
| १६. | प्रि-डिप्लोमा ईन इन्टरप्रेनरसिप डेभलपमेण्ट |
| १७. | प्रि-डिप्लोमा ईन सोसल मोबिलाइजेसन |
| १८. | प्रि-डिप्लोमा ईन कम्प्युटर एप्लिकेशन एण्ड सेक्रेटरियल मेनेजमेण्ट |

प्रि-डिप्लोमा तह (१८ महिने कार्यक्रम) को प्रवेश परीक्षामा समावेस हुनको लागि न्यूनतम शैक्षिक योग्यता यस प्रकार निर्धारण गरिएको छ ;

(क) अक्षराङ्कन पद्धति लागू हुनु पूर्व: मान्यता प्राप्त शिक्षण संस्थाबाट एस.एल.सी. वा सो सरहको परीक्षा उत्तीर्ण

(ख) अक्षराङ्कन पद्धति लागू भए पश्चात र नेपाल सरकार, शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयबाट लेटर ग्रेडिङ्ग पद्धति, २०७८ लागू हुनु पूर्व: एस.ई.ई का सम्पूर्ण विषयको परीक्षामा समावेस भई न्यूनतम ई ग्रेड प्राप्त ।

(ग) अक्षराङ्कन पद्धति लागू भए पश्चात र नेपाल सरकार, शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयबाट लेटर ग्रेडिङ्ग पद्धति, २०७८ लागू भए पश्चात: एस.ई.ई का सम्पूर्ण विषयको परीक्षामा समावेस भई ग्रेड सिट प्राप्त ।

## ३. आवेदन फाराम साथ पेश गर्नुपर्ने कागजातहरु

(क) नेपाली नागरिकता वा जन्म दर्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि ।

(ख) सरकारी वा सामुदायिक विद्यालय, परिषद्को आंगिक शिक्षालय हो भनी क्रमश: सम्बन्धित जिल्लाको शिक्षा विकास तथा समन्वय इकाई र सम्बन्धित विद्यालय तथा परिषद् शिक्षालयले प्रमाणित गरेको पत्रको प्रमाणित प्रतिलिपि ।

(ग) दलितको हकमा राष्ट्रिय दलित आयोगबाट सूचीकृत भएको अनुसूची ३ अनुसारका जातिहरु र सूचीकृत भएको जाति

भित्र एकभन्दा बढी थरहरु भएमा सम्वन्धित पालिकाको कार्यालयवाट प्रमाणित गरिएको पत्रको प्रमाणित प्रतिलिपि ।

(घ) मधेशी/मुस्लिमको हकमा सम्वन्धित पालिका/जिल्ला प्रशासन कार्यालयले प्रमाणित गरिदिएको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि ।

(ङ) आदिवासी जनजातिको हकमा नेपाल आदिवासी/जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐन बमोजिम सम्वन्धित पालिकाको कार्यालयवाट प्रमाणित गरिएको आदिवासी जनजाति प्रमाणपत्रको प्रमाणित प्रतिलिपि ।

(च) खस आर्यको हकमा सम्वन्धित पालिका कार्यालयले प्रमाणित गरिदिएको प्रमाणपत्रको प्रतिलिपि ।

(छ) थारुको हकमा सम्वन्धित पालिका कार्यालयले प्रमाणित गरिदिएको प्रमाणपत्रको प्रतिलिपि ।

(ज) पिछडिएको दुर्गम क्षेत्रकाको हकमा अछाम, कालिकोट, जाजरकोट, जुम्ला, डोल्पा, बझाङ्ग, बाजुरा, मुगु र हुम्ला जिल्लाबाट नै न्यूनतम शैक्षिक योग्यता प्राप्त गरेको शैक्षिक योग्यता तथा स्थायी बसोबास गरेको सम्वन्धित पालिका कार्यालयले जारी गरेको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि ।

(झ) बेपत्ता पारिएका व्यक्ति, सहिद परिवार, घाइते र निजको परिवारले विक्रम सम्वत २०६२/६३ को जनआन्दोलन, जनयुद्ध, मधेश आन्दोलन लगायत मुलुक भित्र भएका सवै आन्दोलनको क्रममा वेपत्ता पारिएका व्यक्ति तथा सहिद परिवार/जन-आन्दोलन घाइते परिवार/द्वन्द्वपीडित/विस्थापित हो भनी सम्बन्धित जिल्ला प्रशासन कार्यालयले प्रमाणित गरिदिएको प्रमाणपत्र र नाता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि ।

(ञ) अपाङ्गको हकमा नेपाल सरकारको सम्वन्धित कार्यालयले जारी गरेको अपाङ्ग परिचयपत्रको प्रमाणित प्रतिलिपि ।

(ट) न्यूनतम शैक्षिक योग्यता वा सो सरहको शैक्षिक प्रमाण पत्रको प्रमाणित प्रतिलिपि ।

(ठ) Online आवेदन फाराममा पेश गर्नुपर्ने आवश्यक प्रमाणपत्रहरु अनिवार्य समावेश गर्नुपर्नेछ । आवश्यक प्रमाणपत्रहरु समावेश नगर्ने परीक्षार्थीहरुको आवेदन फाराम स्वतः रद्ध हुनेछ ।

(ड) यस छात्रवृत्तिका लागि साधारण समूह र लक्षित वर्ग समूहको लागि एउटै आवेदन फाराम हुनेछ । सो फाराममा आफु कुन वर्गमा पर्ने हो सोही व्यहोरा जनाउनु पर्नेछ । लक्षित वर्ग समूहमा आवेदन फाराम भर्न योग्य आवेदक साधारण समूहमा स्वतः आवेदक हुनेछ । यस छात्रवृत्तिमा आवेदन भर्ने आवेदकहरुको आफुले आवेदन फाराम बुझाएको प्रदेश स्तरमा प्रतिष्पर्धा हुनेछ ।

## ४.आवेदन फाराम भर्ने तथा बुझाउने सम्बन्धी विवरण :

**१. प्रवेश परीक्षा शुल्क : रु.५००।- (रु. पांच सय मात्र)**
**२. अनलाइनमा आवेदन फाराम खुल्ला हुने मिति : २०७९ श्रावण १५ गते देखि**
**३. अनलाइन आवेदन फाराम बुझाउने अन्तिम मिति : २०७९ श्रावण २९ गते राती १२:०० बजे भित्र**
**४.प्रवेश परीक्षा सञ्चालन हुने मिति : २०७९ भाद्र ०३ गते दिउंसो २:०० बजे**
**५.परीक्षा केन्द्रको नाम :आवेदकले फाराम भर्दा रोजेको जिल्ला भित्रको परीक्षा केन्द्र हुनेछ परीक्षा केन्द्रको नाम पछि प्रकाशित गरिनेछ ।**

## ५. आवेदन फाराम बुझाउने सम्बन्धी जानकारी:

(क) वर्गीकृत (निशुल्क) छात्रवृत्तिको आवेदन फाराम आवेदक स्वयंले परिषद् प.नि.का.बाट तोकिएको समयसिमा भित्र Online Application Form भरी बुझाउनु पर्नेछ । यसरी Online Application Form भर्दा आफुले अध्ययन गर्न चाहेको कार्यक्रम र प्रदेश स्पष्टसंग उल्लेख गरी अध्ययन गर्न चाहेको शिक्षालय प्राथमिकिकरण गर्नु पर्नेछ ।

ख) आवेदन फाराम भर्नको लागि प.नि.का. ले तोकेको Connect IPS को Direct Online बाट निम्नानुसार प्रवेश परीक्षा शुल्क बुझाई भर्न सकिन्छ ।

**<u>Direct Online बाट शुल्क जम्मा गरी फाराम भर्ने तरिका</u>**

अ) वेभ ब्राउजरमा www.ctevt.org.np वा www.ctevtexam.org.np टाईप गरि Enter गर्ने ।
आ) Classified Online Form मा Click गर्ने ।
इ) आफूले अध्ययन गर्न चाहेको एउटा स्तर (Pre-Diploma) छानी New User मा Click गर्ने ।
ई) परीक्षार्थीको नाम, थर र मोबाइल नम्बर राखि Proceed मा Click गर्ने ।
उ) शुल्क जम्मा गर्ने Pay Now मा छानि आफ्ुले शुल्क जम्मा गर्ने कम्पनी छानी Proceed मा Click गर्ने ।
ऊ) शुल्क जम्मा गरेको भेरिफिकेशन पश्चात आफ्नो पासवर्ड Create गर्ने र पासवर्ड Create भई सके पछि Classified Scholarship Online Application Form Open हुन्छ र Online Application Form मा उल्लेख भएको आवश्यक विवरण भर्दै जानु पर्ने छ ।

नोट.: आवश्यक कागजात JPG फर्मेटमा Scan गरि Upload गर्ने Size

- पासपोर्ट साइज रंगीन फोटो (35x45mm) को Size - Minimum 8kb, Maximum 50 kb
- परीक्षार्थीको Signature को Size - Minimum 3kb, Maximum 20 kb
- आवश्यक पर्ने कागजात को Size - Minimum 80kb, Maximum 300 kb

ग) आवेदन फारामको साथमा हालसालै खिचिएको पासपोर्ट साइज (35x45mm) को रंगीन फोटो र तोकिए अनुसारका कागजात अनिवार्य अपलोड गर्नु पर्नेछ । बर्गिकृत (नि:शुल्क) छात्रवृत्तिको अनलाइन आवेदन फाराम भर्ने सम्बन्धी निर्देशन निर्देशिकाको अनुसूची २ मा दिइएको छ ।

घ) तोकिए अनुसारका शुल्क, फोटो र कागजात समावेस नभएका आवेदन फारामहरु स्वतः रद्द हुनेछ ।

ङ) बर्गिकृत (निशुल्क) छात्रवृत्तिको आवेदन फाराम आवेदक स्वयंले Online मा प्रकृया पुरा गरी प.नि.का. बाट स्वीकृत भएपछि तुरुन्त प्रवेशपत्र प्रिन्ट गर्न सकिन्छ । सो प्रिन्ट गरिएको प्रवेश पत्र प्रवेश परीक्षामा र शिक्षालयमा भर्ना हुनको लागि चाहिने हुनाले सुरक्षित राख्नुपर्नेछ ।

## ६. छनौटका आधार सम्बन्धी जानकारी

(क) भर्ना सम्वन्धी निर्देशिकाको दफा ३ को (क), (ख) र (ग) बमोजिमको योग्यता पुगेका परीक्षार्थीहरुलाई तपसिल अनुसारको अंक प्रदान गरिनेछ ।

| एस.ई.ई. परीक्षा | | एस.एल.सी. परीक्षा | |
|---|---|---|---|
| **प्राप्त ग्रेड प्वाइन्ट** | **शैक्षिक योग्यता वापत प्रदान गरिने अंक** | **प्राप्ताङ्क प्रतिशत** | **शैक्षिक योग्यता वापत प्रदान गरिने अंक** |
| ३.२ देखि ४.० | ३० | ७० देखि माथी | ३० |
| २.४ देखि ३.१९ | २७ | ५० देखि ६९.९९ | २७ |
| १.६ देखि २.३९ | २४ | ५० भन्दा कम | २४ |

(ख) प्रवेश परीक्षामा प्राप्त अंक र दफा ११ (क) बमोजिम शैक्षिक योग्यता वापतको अंकको योगफल अनुसार परीक्षार्थीको योग्यताक्रम सूची निर्धारण गरिनेछ ।

(ग) प्रवेश परीक्षा उत्तीर्ण हुनको लागि प्रवेश परीक्षामा प्राप्त अंक र दफा ११ (क) बमोजिम शैक्षिक योग्यता वापतको अंक गरी कम्तीमा ३५ अंक प्राप्त गरेको हुनुपर्नेछ ।

(घ) योग्यताक्रमको प्राप्ताङ्क बराबर भएका दुई भन्दा बढी आवेदकको हकमा प्राप्ताङ्कको दशमलव पछिको दुईभन्दा बढी अङ्क गणना गरी त्यसमा जसको अङ्क बढी हुन्छ उसको नाम प्रकाशित गरिनेछ ।

(ङ) दशमलव पछिको दुईभन्दा बढी अङ्क गणना गर्दा पनि अंक बराबर भएमा एस.एल.सी./एस.ई.ई. परीक्षामा प्राप्त गरेको अंकलाई आधार मानी नतिजा प्रकाशित गरिनेछ ।

(च) एस.एल.सी./एस.ई.ई. को नतिजा पनि बराबर भएमा एस.एल.सी./एस.ई.ई. परीक्षाको क्रमशः अनिवार्य गणित, विज्ञान र अंग्रेजीको प्राप्तांकलाई आधार मानी नतिजा प्रकाशित गरिनेछ ।

(छ) दफा ११ (च) अनुसार पनि अंक बराबर भएमा सरकारी वा समुदायिक बिद्यालयबाट एस.एल.सी./एस.ई.ई.उत्तीर्णलाई आधार मानी नतिजा प्रकाशन गरिनेछ ।

(ज) दफा ११ (छ) अनुसार पनि अंक बराबर भएमा जन्म मितिलाई आधार मानी बढी उमेर भएकालाई प्राथमिकता दिइनेछ ।

(झ) अक्षराङ्कन पद्धतीको नतिजामा तोकिएको जि.पि.ए.लाई प्रतिशत निर्धारण गर्दा निम्न बमोजिम गरिनेछ ।

$GPA \times 23.75 = \%$

(ञ) वर्गीकृत (निःशुल्क) छात्रवृत्तिको सवै कार्यक्रमहरुको प्रवेश परीक्षा संचालन, व्यवस्थापन तथा नतिजा प्रकाशन गर्न परिषद्को प्रदेश कार्यालयहरुमा प्रि-डिप्लोमा तहको प्रवेश परीक्षा संचालन, छात्रवृत्ति बितरण तथा भर्ना सम्वन्धी निर्देशिका २०७९ को दफा २१ मा उल्लेखित उप समितिले कार्य गर्नेछ । उक्त उप समितिको काम, कर्तव्य र अधिकार दफा १९ र २२ मा उल्लेख भए बमोजिम हुनेछ ।

(ट) सम्वन्धित परिषद्, प्रदेश कार्यालयले उपरोक्त बिधिबाट नतिजा तयार गरी उच्चतम अङ्कको आधारमा आवेदकले प्राथमिकिकरण गरेको शिक्षालय अनुसार नतिजा प्रकाशन गरी भर्नाको लागि सिफारिस गर्ने साथै परिषद्, प्रदेश कार्यालय, परीक्षा नियन्त्रण कार्यालय र परिषदको वेवसाइटमा प्रकाशन गर्ने ।

**७. अन्य जानकारीहरु :**

(क) छात्रवृत्तिको योग्यताक्रम सूचिमा रहेका विद्यार्थी पूर्ण शुल्किय कोटामा भर्ना भई रजिस्ट्रेशन कायम भए पश्चात छात्रवृत्ति कोटा रिक्त रहेता पनि छात्रवृत्तिमा स्थानान्तरण गरिने छैन ।

(ख) यस छात्रवृत्ति कार्यक्रममा निर्देशिका बमोजिम योग्यता पूरा गरेका विद्यार्थीहरुले आफुलाई अध्ययन गर्न पायक पर्ने जुनसुकै प्रदेशबाट Online आवेदन फाराम भर्न सक्नेछन तर छात्रवृत्ती छनौट आवेदन फाराम भरेको प्रादेशिक स्तरमा योग्यताक्रम अनुसार प्रतिस्पर्धा हुनेछ ।

नोटः यस सूचनामा समावेश हुन नसकेका भर्ना सम्वन्धी प्रावधानहरु परिषद्को ऐन, नियम, विनियम तथा परिषद् प.नि.का. द्वारा जारी गरिएको “प्रि-डिप्लोमा तहको प्रवेश परीक्षा संचालन, छात्रवृत्ति वितरण तथा भर्ना सम्वन्धी निर्देशिका २०७९” बमोजिम हुनेछ । आवेदन फाराम भर्ने विद्यार्थी, अभिभावक तथा कार्यक्रम संचालन गर्ने शिक्षालयहरुले उल्लेखित निर्देशिका www.ctevtexam.org.np बाट डाउनलोड गरी अनिवार्य रुपमा अध्ययन गर्नु हुन सूचित एवं अनुरोध गरिन्छ । विद्यार्थीलाई भर्ना गराई अध्ययनको अवसर प्रदान गराइदिन्छु भनी झुट्टा आश्वासन तथा भ्रम पैदा गराई कोही कसैले अनुचित प्रभाव पार्न चाहेमा त्यसप्रति पुर्ण सचेत रही भर्ना प्रकृया मर्यादित एवं निष्पक्ष रुपमा संचालन गर्न गराउन सम्वन्धित बिद्यार्थी, अभिभावक र सरोकारवालाहरुमा हार्दिक अनुरोध गरिन्छ । साथै अन्य जानकारी आवश्यक परेमा परिषद्का प्रदेश कार्यालयहरु इटहरी, जनकपुर, हेटौडा, पोखरा, वुटवल, विरेन्द्रनगर, धनगढी र परिषद्को परीक्षा नियन्त्रण कार्यालय, सानोठिमी, भक्तपुरमा सम्पर्क राख्नुहुन सूचित गरिन्छ ।

**यो सूचना www.ctevtexam.org.np मा पनि हेर्न सकिनेछ ।**

**परीक्षा नियन्त्रक**